# गेरुवा गाउँपालिका
# २०७४

## एक्काईसौं कार्यपालिका बोर्ड बैठक
**२९ बैशाख, २०७४**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँपालिका |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल बैशाख २९ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्य पालिकाको एक्काईसौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

## उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

**प्रस्तावहरु**

१ **आगामी बर्षको लागि टोलबाट छनौट भएका योजनाहरुको प्राथमिकिकरण एकिकृत प्रतिवेदन पारीतका लागि गाउँ सभामा पेश गर्न सैद्धान्तिक सहमति सम्बन्धमा**

२ **आर्थिक बर्ष २०७४/०७५ को बार्षिक बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव गाउँसभामा प्रस्तुत् गर्ने सहमति सम्बन्धमा**

३ **सार्वजनिक खरिद अनुगमन समिति गठन तथा अनुगमन समितिहरुको कार्यसम्पादन सम्बन्धमा**

४ **बिबिध**

(क) **आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

## निर्णयहरु :-

१ **आगामी बर्षको लागि टोलबाट छनौट भएका योजनाहरुको प्राथमिकिकरण एकिकृत प्रतिवेदन पारीतका लागि गाउँ सभामा पेश गर्न सैद्धान्तिक सहमति सम्बन्धमा**

प्रस्ताव नं. १ माथी छलफल गर्दा आगामी बर्ष २०७५/७६ को लागि नीति तथा कार्यक्रम निर्माण गर्दा लिईने आधार कायम गर्ने उदेश्यले हाल सम्म प्रत्येक वडाहरुका टोलबाट छनौट भएका प्रस्तावीत योजनाहरुलाई प्राथमिकिकरण गरी पेश भएको एकिकृत प्रतिवेदनलाई स्वीकृतिका लागि गाउँसभामा पेश गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

२ **आर्थिक बर्ष २०७४/०७५ को बार्षिक बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव गाउँसभामा प्रस्तुत् गर्ने सहमति सम्बन्धमा**

प्रस्ताव नं. १ माथी छलफल गर्दा आर्थिक बर्ष २०७४/७५ को स्वीकृत नीति तथा कार्यक्रमहरु मध्ये संकल्प प्रस्ताव मध्येका थारु हेल्पडेस्क, उज्यालो गाउँपालिका कार्यक्रम,बिद्युतीय तारवार कार्यक्रम र छोरी बचाउ कार्यक्रमहरु सफलता पूर्वक सम्पादन उन्मुख रहेकोले ति कार्यक्रमहरुको समिक्षा गर्दै स्वीकृत कार्यक्रम र विनियोजीत बजेट माथी पुनर्मुल्याङकन गर्दै आ**र्थिक बर्ष २०७४/०७५ को बार्षिक बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव गाउँसभामा प्रस्तुत्** गर्न लैजाने शैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

३ **सार्वजनिक खरिद अनुगमन समिति गठन तथा अनुगमन समितिहरुको कार्यसम्पादन सम्बन्धमा**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा आर्थिक अनुशासन कायम गर्न र कार्य सम्पादनमा चुस्त, दुरुस्त र एकरुपता ल्याउन देहाय वमोजिम गर्ने निर्णय गरियो ।

(क) **सार्वजनिक खरिद अनुगमन समिति गठन गर्ने :-**

गैरवा गाउँपालिकामा गठीत सार्वजनिक खरिद ईकाईबाट सम्पादन भएका कार्यहरुको अनुगमन गरी नियमन गराउने र गेरुवा गाउँपालिकाबाट सम्पादन हुन सवै कार्यहरुको कार्यक्रम कार्यान्वयन कार्यविधि तथा सम्पादीत कार्यहरुमा गुणस्तरता, नियमितता र एकरुपता ल्याउन अनुगमन गरी नियमन गराउने साथै अनुगमन तथा नियमन प्रकृयाको समेत अनुगमन गरी यस गेरुवा गाउँपालिकाबाट सम्पादन हुने सवै कामकाजमा आर्थिक अनुशासन कायम गर्ने प्रयोजनका लागि देहाय वमोजिमका पदाधिकारी रहेको सार्वजनिक खरिद अनुगमन समिति गठन गर्ने निर्णय गरियो :-

**समिति**

| | | |
|---|---|---|
| १ | **अध्यक्ष श्री जमान सिंह के.सी.** | **संयोजक** |
| २ | **प्रमुख प्रशासकीय अधिकृत श्री भीम बहादुर खत्री** | **सदस्य** |
| ३ | **ईन्जिनियर श्री रमेश जि.सी.** | **सदस्य-सचिव** |

**(ख) अनुगमन कार्य चुस्तदुरुस्त गराउने :-**

चालु विकाश निर्माणका योजनाहरु सम्पादनको अनुगमन गर्ने कार्यलाई कर्मकाण्डी वनाउने प्रथा /प्रचलनलाई अन्त्य गराउने प्रयासलाई निरन्तरता दिदैं हरेक योजनाहरुमा गठित योजनागत अनुगमन समिति, वडा स्तरीय अनुगमन समिति र गाउँपालिका स्तरीय अनुगमन समिति समेत ३ तहका अनुगमन समितिहरुको सकृय अनुगमन प्रतिवेदन, सार्वजनिक परीक्षण सहितको कार्य सम्पन्न प्रतिवेदनलाई आबश्यक अन्य आबश्यक वीलभरपाई कागजात सहितको भूक्तानी माग पत्रमाथी स्पष्ट भूक्तानी सिफारीश

पश्चात मात्र भूक्तानी दिने कार्यमा सरलता ल्याउन योजना शाखा र आर्थिक प्रशासन शाखा लगायत सम्बद्ध सवैलाई निर्देशन दिने निर्णय गरियो ।

**५ बिबिध**

**(क) बोर्ड बैठक बस्ने सम्बन्धमा**

(क) २२ औं बोर्ड बैठकको रुपमा २०७५/२/७ गते दिनबो २.०० बजे नियमित बोर्ड बैठक बस्ने निर्णय गरियो ।